# आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको

## अर्द्धवार्षिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

## विषय-सूची


पृष्ठभूमि ........ १

मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति ........ १

वित्तीय तथा बाह्य क्षेत्र नीतिहरुको कार्यान्वयन स्थिति ........ १

विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य ........ २

आन्तरिक आर्थिक तथा वित्तीय स्थिति ........ ३

- मुद्रास्फीति ........ ३
- बाह्य क्षेत्र ........ ३
- सरकारी वित्त ........ ४
- मौद्रिक तथा वित्तीय क्षेत्र ........ ४

आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य ........ ५

नीतिगत व्यवस्थाहरु ........ ६

# आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएको व्यवस्था बमोजिम मूल्य एवम् शोधनान्तर स्थिरता र वित्तीय स्थायित्व कायम गर्ने मूलभूत उद्देश्यका लागि २०८० साउन ७ गते आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति सार्वजनिक गरिएको थियो । मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा २०८० मंसिर २२ गते गरिएको थियो । चालु आर्थिक वर्षको ६ महिनासम्मको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीति तथा यसको पहिलो त्रैमासिक समीक्षामार्फत गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिति, नेपाल सरकारको चालु आर्थिक बर्षको बजेटको अर्द्धवार्षिक समीक्षा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यको आधारमा मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा गरिएको छ ।

## मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति

२. आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको सीमाभित्र रहने गरी मौद्रिक व्यवस्थापन गरिने नीति लिइएकोमा पहिलो ६ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.४७ प्रतिशत कायम भएको छ । वार्षिक बिन्दुगत आधारमा २०८० पुसमा उपभोक्ता मुद्रास्फीति ५.२६ प्रतिशत रहेको छ ।

३. चालु आर्थिक वर्षमा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८० पुस मसान्तमा १२.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति कायम भएको छ । चालु खाता बचतमा रहेको र शोधनान्तर बचत उल्लेख्य बढेको कारण विदेशी विनिमय सञ्चितिमा वृद्धि भएको हो ।

४. आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा २०८० पुस मसान्तमा वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १४.३ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ४.९ प्रतिशतले वृद्धि भएको छ ।

५. बैकिङ प्रणालीमा तरलता स्थिति सहज रहेको छ । २०८० पुसमा बैंक तथा वित्तीय संस्थाहरुको भारित औसत अन्तरबैंक दर २.८६ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो ब्याजदर ७.५३ प्रतिशत रहेको थियो ।

## वित्तीय तथा बाह्य क्षेत्र नीतिहरुको कार्यान्वयन स्थिति

६. आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति र यसको पहिलो त्रैमासिक समीक्षामार्फत गरिएका वित्तीय क्षेत्रसँग सम्बन्धित अधिकांश नियामकीय व्यवस्थाहरु कार्यान्वयनमा आएका छन् भने बाँकी रहेको व्यवस्थाहरुसमेत कार्यान्वयनको प्रक्रियामा रहेका छन् । चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन पुनरावलोकन गरिएको छ । बैंक तथा वित्तीय संस्थाले २०७८ भदौ ८ पूर्व निष्काशन गरेको डिवेन्चरलाई ५० प्रतिशतसम्म २०८१ असारसम्म श्रोतको रुपमा गणना गर्न पाउने व्यवस्था, बैंक तथा वित्तीय संस्था र लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिई परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरुलाई कर्जा पुनरसंरचना र पुनरतालिकीकरण गर्न पाउनेसम्बन्धी व्यवस्था, २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरहरुको पुनरनिर्माणका लागि आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह गर्ने, भूकम्प प्रभावितका लागि कर्जा प्रवाह गर्दा कर्जा-धितो अनुपात सहज बनाउने र बैंक तथा वित्तीय संस्थालाई भूकम्पका

कारण क्षतिग्रस्त भएका सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य चौकीको पुनरनिर्माणका लागि सामाजिक उत्तरदायित्व कोष खर्च गर्न प्रोत्साहित गर्ने सम्बन्धी व्यवस्था कार्यान्वयनमा आएका छन् । कर्जा प्रवाहमा सहजीकरण गर्दै रियल स्टेट कर्जा र रु.५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाउने र रु.५० लाखसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात खुकुलो बनाउने व्यवस्था कार्यान्वयनमा आएको छ ।

७. विदेशी विनिमयअन्तर्गत मौद्रिक नीतिमा उल्लेख भएका नियामकीय व्यवस्थाहरु कार्यान्वयनमा आएका छन् । विदेशी लगानीसम्बन्धी प्रक्रियालाई सरलीकरण र सहजीकरण गर्न नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली संशोधन गरिएको छ ।

## विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य

८. कोभिड महामारी, भू-राजनीतिक तनाब र कसिलो मौद्रिक नीतिका कारण पछिल्ला बर्षहरुमा शिथिल बनेको विश्व अर्थतन्त्रमा केही सुधारका संकेत देखिएको भएतापनि आर्थिक वृद्धिदर भने आगामी वर्षसम्म स्थिर रहने अन्तराष्ट्रिय मुद्रा कोषको अनुमान छ ।[1] सन् २०२२ मा ३.५ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२३ मा ३.१ प्रतिशतले वृद्धि भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । सन् २०२४ मा पनि विश्व अर्थतन्त्र ३.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ । सन् २०२२ मा २.६ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा १.६ प्रतिशतमा सीमित हुने र सन् २०२२ मा ४.१ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा ४.१ प्रतिशतले वृद्धि भएको अनुमान रहेको छ । सन् २०२४ मा विकसित अर्थतन्त्रको वृद्धिदर १.५ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर ४.१ प्रतिशत रहने प्रक्षेपण छ ।

९. सन् २०२३ मा छिमेकी मुलुकहरु भारत र चीनको अर्थतन्त्र क्रमशः ६.७ प्रतिशत र ५.२ प्रतिशतले विस्तार भएको अनुमान रहेको छ । यस्तो वृद्धिदर सन् २०२४ मा क्रमशः ६.५ प्रतिशत र ४.६ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

१०. विश्वका केन्द्रीय बैंकहरुले कसिलो मौद्रिक नीति अवलम्बन गरी मुद्रास्फीति घटाउन सफल भएका छन् । विकसित अर्थतन्त्रहरुको मुद्रास्फीतिमा उल्लेख्य सुधार आएको छ । सन् २०२२ मा विश्वको औसत उपभोक्ता मुद्रास्फीति ८.७ प्रतिशत रहेकोमा सन् २०२३ मा ६.८ प्रतिशत रहेको अनुमान छ । सन् २०२४ मा विश्वको औसत उपभोक्ता मुद्रास्फीति ५.८ प्रतिशत रहने कोषको प्रक्षेपण छ । सन् २०२२ मा विकसित र विकासोन्मुख मुलुकहरुको मुद्रास्फीति क्रमशः ७.३ प्रतिशत र ९.८ प्रतिशत रहेकोमा सन् २०२३ मा क्रमशः ४.६ प्रतिशत र ८.४ प्रतिशत रहेको अनुमान छ । सन् २०२४ मा यी अर्थतन्त्रहरुको मुद्रास्फीति क्रमशः २.६ प्रतिशत र ८.१ प्रतिशत रहने प्रक्षेपण छ ।

११. मुद्रास्फीतिमा सुधार आएतापनि लक्षित सीमाभित्र आइनसकेको र मूल्यमा अझै जोखिम रहेका कारण विश्वका अधिकांश केन्द्रीय बैंकहरुले अझै नीतिगत दरलाई स्थिर राखेका छन् । अमेरिकी फेडरल रिजर्भले सन् २०२३ जुलाईमा फेडरल फण्ड रेट वृद्धि गरी ५.२५-५.५० प्रतिशत पुर्‍याएकोमा सन् २०२४ जनवरीमा पनि सोही नीतिगत दरलाई निरन्तरता दिएको छ । बैंक अफ ईंग्ल्याण्डले पछिल्लो पटक सन् २०२३ अगष्टमा बैंक दर ०.२५ प्रतिशतले वृद्धि गरी ५.२५ प्रतिशत पुर्‍याएकोमा सन् २०२४ फेब्रुवरीमा सो दरलाई निरन्तरता दिएको छ । युरोपियन सेन्ट्रल बैंकले पछिल्लो पटक सन् २०२३ सेप्टेम्बरमा निक्षेप दर र सीमान्त कर्जा दरमा ०.२५ प्रतिशतले वृद्धि गरी क्रमश ४.० प्रतिशत र ४.७५ प्रतिशत बनाएकोमा सन् २०२४ जनवरीमा यसैलाई निरन्तरता दिएको छ । भारतीय रिजर्भ बैंकले सन् २०२३ फेब्रुअरीदेखि रिपो रेटलाई ६.५० प्रतिशत र स्थायी

[1] अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रकाशन गरेको World Economic Outlook Update, January 2024.

तरलता सुविधाको ब्याजदरलाई ६.७५ प्रतिशत कायम गरेकोमा सो दरहरुलाई यथावत नै राखेको छ ।

१२. सन् २०२२ मा ५.२ प्रतिशतले विस्तार भएको विश्व व्यापार आयतन सन् २०२३ मा ०.४ प्रतिशतले विस्तार हुने अनुमान छ । सन् २०२४ मा यस्तो व्यापार आयतन सुधार भई ३.३ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ ।

१३. सन् २०२२ मा इन्धनको वार्षिक औसत मूल्य ३९.२ प्रतिशतले वृद्धि भएकोमा सन् २०२३ मा १६.० प्रतिशतले कमी आएको अनुमान छ । सन् २०२४ मा इन्धनको वार्षिक औसत मूल्य २.३ प्रतिशतले घट्ने कोषको प्रक्षेपण रहेको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### मुद्रास्फीति

१४. चालु आर्थिक वर्षको ६ महिनासम्म मुद्रास्फीतिमा परेको दबाब अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम रहेको छ । २०८० पुसमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.२६ प्रतिशत रहेको थियो । २०८० पुसमा वार्षिक बिन्दुगत आधारमा खाद्यान्न समूहको मूल्य वृद्धि ५.७७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि ४.८५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो समूहको मूल्य वृद्धि क्रमशः ५.६२ प्रतिशत र ८.५७ प्रतिशत रहेको थियो ।

१५. २०८० पुसमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ३.३६ प्रतिशत रहेको छ, अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ९.८२ प्रतिशत रहेको थियो । २०८० पुसमा तलब तथा ज्याला दर सूचकाङ्क ५.५६ प्रतिशतले बढेको छ, जुन अघिल्लो वर्षको सोही महिनामा १०.२७ प्रतिशतले बढेको थियो ।

१६. भारतीय मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा कम रहेको, विश्व बजारमा कच्चा तेलको मूल्यमा कमी आएअनुरुप नेपाल आयल निगमले पनि पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्दै लगेको, तलब तथा ज्यालादर स्थिर रहेको, पछिल्लो समय खाद्यान्न एवम् तरकारीको मूल्यमा कमी आउनुको साथै आन्तरिक माग केही कमजोर रहेकोले मूल्य स्थितिमा कम चाप पर्न गएको हो ।

### बाह्य क्षेत्र

१७. चालु आर्थिक वर्षमा विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धि र आयातमा आएको संकुचनका कारण शोधनान्तर बचत बढ्न गई बाह्य क्षेत्र व्यवस्थापन सहज भएको छ । चालु आर्थिक वर्षको पहिलो ६ महिनामा चालु खाता रु.१६१ अर्ब ६२ करोड र शोधनान्तर स्थिति रु.२७३ अर्ब ५२ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु.३५ अर्ब ५७ करोडले घाटामा र शोधनान्तर स्थिति रु.९२ अर्ब १५ करोडले बचतमा रहेको थियो । शोधनान्तर स्थितिमा आएको सुधारका कारण विदेशी विनिमय सञ्चिति बढ्न गई २०८० पुस मसान्तमा रु.१८१६ अर्ब ५७ करोड (अमेरिकी डलर १३ अर्ब ६९ करोड बराबर) पुगेको छ ।

१८. आर्थिक वर्ष २०८०/८१ को ६ महिनामा कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार २१.९ प्रतिशतले घटेको थियो । चालु आर्थिक वर्षको ६ महिनामा वस्तु निर्यात ७.२ प्रतिशतले घटेको छ भने वस्तु आयात ३.१ प्रतिशत र कुल वस्तु व्यापार घाटा २.६ प्रतिशतले घटेको छ । यस अवधिमा मासिक औसत आयात रु.१२८ अर्ब ३ करोड रहन गएको छ ।

१९. समीक्षा अवधिमा सेवा खाता घाटा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.४ प्रतिशतले घट्न गई रु.३६ अर्ब ६ करोड कायम भएको छ । समीक्षा अवधिमा सेवा निर्यात रु.११४ अर्ब ८२ करोड र सेवा आयात रु.१५० अर्ब ८७ करोड रहेको छ । सेवा आयात अन्तर्गत शिक्षातर्फको

खर्च ६६.७ प्रतिशतले वृद्धि भई रु.५८ अर्ब ९५ करोड पुगेको छ। समीक्षा अवधिमा नेपाल आउने बाह्य पर्यटकको संख्यामा वृद्धि भई भ्रमण आय ४४.४ प्रतिशतले बढेको छ।

२०. आर्थिक वर्ष २०८०/८१ को ६ महिनामा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो आप्रवाह २४.३ प्रतिशतले बढेको थियो।

## सरकारी वित्त

२१. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०८०/८१ को ६ महिनासम्ममा नेपाल सरकारको चालु खर्च रु.४३७ अर्ब ३८ करोड, पुँजीगत खर्च रु.४९ अर्ब २४ करोड र वित्तीय व्यवस्था खर्च रु.८० अर्ब गरी नेपाल सरकारको कुल खर्च रु.५६६ अर्ब ६२ करोड रहेको छ। यस अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.४९६ अर्ब ५० करोड अर्थात् बजेट लक्ष्यको ३४.९ प्रतिशत हुन गएको छ। समीक्षा अवधिमा सरकारी खर्च गत वर्षको सोही अवधिको तुलनामा १.७ प्रतिशतले घटेको छ भने राजस्व परिचालन ८.२ प्रतिशतले बढेको छ।

२२. नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ को ६ महिनासम्ममा नेपाल सरकारले रु.१२८ अर्ब ३१ करोड आन्तरिक र रु.३४ अर्ब २७ करोड बाह्य गरी कुल रु.१६२ अर्ब ५८ करोड ऋण परिचालन गरेको छ। आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रस्तावित आन्तरिक ऋणमध्ये ५३.५ प्रतिशत परिचालन भएको छ।

## मौद्रिक तथा वित्तीय क्षेत्र

२३. उल्लेख्य शोधनान्तर बचत तर कर्जा प्रवाह शिथिल रहेकोले मौद्रिक तरलता बढेको छ। बैंकिङ प्रणालीमा तरलता स्थिति सहज भएको छ भने अल्पकालीन एवम् दीर्घकालीन ब्याजदरहरु घटिरहेका छन्।

२४. आर्थिक वर्ष २०८०/८१ को पुस महिनामा वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १४.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्राप्रदाय ७.७ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०८०/८१ को पुस महिनामा वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको कुल निक्षेप १४.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप ९.४ प्रतिशतले बढेको थियो। यसैगरी, आर्थिक वर्ष २०८०/८१ को पुस महिनामा वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४.९ प्रतिशत अर्थात रु.२३१ अर्ब २५ करोडले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ४.० प्रतिशत अर्थात रु.१८० अर्ब ९८ करोडले बढेको थियो।

२५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट स्थायी तरलता सुविधामार्फत रु.१ अर्ब २० करोड र ओभरनाइट तरलता सुविधामार्फत पटक पटक गरी रु.५१३ अर्ब ९१ करोड गरी कुल रु.५१५ अर्ब ११ करोड तरलता उपयोग गरेका छन्। यस अवधिमा निक्षेप संकलन बोलकबोलमार्फत कुल रु.३१५ अर्ब ५५ करोड तरलता प्रशोचन गरिएको छ।

२६. तरलता स्थिति सहज भएसँगै पछिल्लो समय अल्पकालीन तथा दीर्घकालीन ब्याजदरहरु घट्दै गएका छन्। २०७९ पुसमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर १०.८९ प्रतिशत रहेकोमा २०८० पुसमा ३.३७ प्रतिशतमा झरेको छ। त्यसैगरी, २०८० पुसमा वाणिज्य बैंकहरुको औसत आधार दर ९.३५ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्षको पुसमा १०.९१ प्रतिशत रहेको थियो। मौद्रिक नीतिको लचिलो कार्यदिशा, सहज तरलता स्थिति र न्यून ब्याजदरको विद्यमान अवस्थालाई अवसरको रुपमा सदुपयोग गर्न आन्तरिक उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासमा बढी योगदान गर्ने क्षेत्रहरुतर्फ कर्जा विस्तार गर्न प्रोत्साहित गर्नुपर्ने देखिएको छ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य

२७. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रयमासमा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.२ प्रतिशतले विस्तार भएको अनुमान छ। पहिलो त्रयमासमा खानी तथा उत्खनन, निर्माण, पर्यटन र वित्तीय सेवा उपक्षेत्रको वृद्धिदर उच्च रहेको छ। अघिल्लो वर्षको पहिलो त्रयमासमा खानी तथा उत्खनन र निर्माण उपक्षेत्र क्रमशः १.९ प्रतिशत र ९.६ प्रतिशतले खुम्चिएकोमा चालु आर्थिक वर्षको पहिलो त्रयमासमा क्रमशः १५.८ प्रतिशत र ११.४ प्रतिशतले विस्तार भएको अनुमान छ। ढिला शुरु भएपनि मनसुन अनुकुल रहेको र रासायनिक मल समयमा नै उपलब्ध भएकोले वर्षे तथा हिउँदे बालीको उत्पादन सन्तोषजनक रहने देखिन्छ। सेवा क्षेत्रको गतिविधि पनि सन्तोषजनक नै रहेको छ।

२८. कोभिड महामारीपश्चात् चालु आर्थिक वर्षमा पर्यटक आगमन संख्या उल्लेख्य बढेको छ। सन् २०२३ मा करिब १० लाख १५ हजार पर्यटकको आगमन भएको छ, जुन अघिल्लो वर्षको तुलनामा ६५ प्रतिशतले बढी हो। २०२३ जनवरीमा करिब ५५ हजार पर्यटकको आगमन भएकोमा २०२४ जनवरीमा ७९ हजारभन्दा बढी संख्यामा पर्यटकहरुको आगमन भएको छ। चालु आर्थिक वर्ष पनि पर्यटन आगमन सन्तोषजनक रहने देखिन्छ। पर्यटक आगमनसँगै बाह्य पर्यटनबाट हुने भ्रमण आयसमेत उल्लेख्य बढेको छ। यसबाट रोजगारी, आय आर्जन एवम् आर्थिक गतिविधि चलायनमान बनाउन सहयोग पुगेको छ।

२९. नेपाल विद्युत प्राधिकरणका अनुसार चालु आर्थिक वर्षभित्र रसुवागढी, मध्य भोटेकोशी, सान्जेन, सानिमा मिडल तमोर, अपर त्रिशुली लगायतका विभिन्न निर्माणाधीन जलविद्युत परियोजनाको निर्माण सम्पन्न भई ९०० मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप हुने क्रममा रहेको छ। यसबाट मुलुकको उत्पादन सम्भाव्य क्षमता विस्तार भई थप विद्युत निर्यात गर्न, उद्योगको क्षमता उपयोगमा सुधार ल्याउन र उद्योग क्षेत्रको गतिविधि चलायमान बनाउन सहयोग पुग्ने देखिन्छ।

३०. अघिल्लो आर्थिक वर्ष जस्तै चालु आर्थिक वर्ष पनि विप्रेषण आप्रवाह उल्लेख्य रहेको छ। विप्रेषण आप्रवाहको बढोत्तरीले बाह्य क्षेत्रतर्फको चालु खाता तथा शोधनान्तर बचत कायम गर्न, तरलतामा सुधार ल्याउन, ब्याजदरमाथि परेको चाप कम गर्न र आन्तरिक माग बढाउन सहयोग पुगिरहेको छ। वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या र प्रवृत्तिलाई दृष्टिगत गर्दा आगामी महिनाहरुमा पनि विप्रेषण आप्रवाह सन्तोषजनक रहने देखिन्छ।

३१. मूल्य स्थितिमा परेको चाप क्रमशः कम हुँदै गएको छ। थोक मूल्य र तलब तथा ज्यालादर सूचकाङ्कको वृद्धि दर पनि न्यून रहेको छ। नेपालले दुई-तिहाईभन्दा बढी आयात गर्ने मुलुक भारतमा पनि मुद्रास्फीति घट्दै गएको छ। तथापि, रुस-युक्रेन र पश्चिम एशियाली केही मुलुकहरुमा जारी द्वन्द्व र केही मुलुकहरुले खाद्यान्न निर्यातमा लगाएको प्रतिबन्धका कारण मुख्यगरी ईन्धन र खाद्य वस्तुको मूल्यमा उत्तारचढाव आउन सक्ने जोखिम छ।

३२. बाह्य क्षेत्रतर्फ चालु खाता र शोधनान्तर बचतमा रहेकाले तरलता स्थितिमा उल्लेख्य सुधार आउनुको साथै मौद्रिक विस्तार भएको छ। निक्षेप तथा कर्जाका ब्याजदरहरु घट्दो क्रममा रहेका छन्। शोधनान्तर बचत र मूल्यमा परेको चाप कम हुँदै गएकाले नीतिगत कार्यदिशालाई क्रमशः सहज बनाउँदै लगिएको छ। यसबाट व्यावसायिक मनोवलमा क्रमिक सुधार आउँदै गएको छ। बाह्य तथा वित्तीय क्षेत्रको परिदृश्य, नीतिगत कार्यदिशा, पुँजीगत खर्चमा क्रमशः आउने तीव्रता र बजेट बक्तव्यमा घोषणा गरिएका आर्थिक सुधारसम्बन्धी कार्ययोजनाहरुको कार्यान्वयनबाट कर्जा मागका साथै आर्थिक गतिविधिमा पनि क्रमिक सुधार आउने अपेक्षा छ। आर्थिक गतिविधिमा आउने सुधारबाट राजस्व परिचालन र बैंक तथा वित्तीय संस्थाको कर्जा असूली तथा लगानी क्षमतामा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ।

३३. आर्थिक गतिविधिहरु केही शिथिल रहेको परिप्रेक्ष्यमा बैकिङ्ग प्रणालीमा कर्जा असूली कम भै निष्कृय कर्जा अनुपात केही बढेको छ। २०८० पुसमा बैक तथा वित्तीय संस्थाहरुको औसत निष्कृय कर्जा कुल कर्जाको ३.७३ प्रतिशत पुगेको छ । ब्याजदर घट्दै गएको, पर्यटक आगमन बढिरहेको र पुँजीगत खर्चमा समेत तीव्रता आउँदा आर्थिक गतिविधिहरुमा सुधार भई कर्जा असूलीमा समेत सुधार आउँदै जाने अनुमान रहेको छ ।

## नीतिगत व्यवस्थाहरु

३४. आन्तरिक एवम् बाह्य आर्थिक स्थिति र परिदृश्य तथा पहिलो त्रैमासिक समीक्षाको क्रममा गरिएका नीतिगत व्यवस्थाहरुलाई दृष्टिगत गरी ब्याजदर करिडोर अन्तर्गतका दरहरुलाई यथावत राखिएको छ ।

३५. अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत राखिएको छ।

३६. ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन २०८० फागुनदेखि स्थायी निक्षेप सुविधालाई कार्यान्वयनमा ल्याइनेछ ।

३७. संस्थागत मुद्धति निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्धति निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा १ प्रतिशत बिन्दुले न्यून राखी तय गर्न पाउने व्यवस्था गरिने छ ।

३८. कृषि, साना, घरेलु तथा मझौला उद्यम व्यवसायमा प्रवाह भएको रु.२ करोडसम्मको कर्जालाई रेगुलेटरी रिटेल पोर्टफोलियोमा गणना गर्न पाउने व्यवस्था गरिने छ ।

**अन्त्यमा,**

३९. पछिल्लो आन्तरिक एवम् बाह्य आर्थिक स्थिति र परिदृश्यका आधारमा वार्षिक मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई निरन्तरता दिइएको छ। आन्तरिक आर्थिक गतिविधि एवम् मुद्रास्फीतिको अवस्थालाई दृष्टिगत गरी मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गर्दा मौद्रिक उपायहरुमा आवश्यकतानुसार परिमार्जन गरिने छ ।

४०. चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षाको क्रममा सहयोग पुऱ्याउने नेपाल सरकारका निकायहरु, उद्योग व्यवसायसँग सम्बन्धित संघ/संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरु, विद्वत वर्ग, सञ्चार माध्यमलगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै मौद्रिक नीति र यस समीक्षामा व्यवस्था गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सदाझैं सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

*२९ माघ २०८०।*